# सिकाई आपूणरणका लागि न्युनतम सिकाई सक्षमता पहिचान

कार्यशाला गोष्टि २०७९ माघ २९ देखि फागुन २

पाठ्यक्रमले लिएको उद्देश्य र कक्षागत सक्षमताले निर्धारण गरेका भाषिक सिप उपलब्ध नभएकाले नेपाली भाषा शिक्षणमा समस्या रहेको देखिन्छ । नेपाली भाषा शिक्षणमा कोभिडका तथा अन्य विपद्का कारणले कक्षा शिक्षणमा ठुलो क्षति पुगेकाले यो सिकाई आपूरणका लागि पाठ्यक्रमले तोकेको र तहगत रुपमा दिएको सक्षमतालाई आधार मानी सिकाई आपुरणका न्युनतम सिकाई हाँसिल गर्नमा जोड दिएको छ । नेपाली भाषा शिक्षणमा देखिएको चुनौती र समस्याको मूल पहिचान गर्न यो विधि पर्याप्त नभए पनि न्युनतम सिकाई मापनका लागि र कक्षाकोठाको सिकाई उपलब्धि निर्धारण गर्न उपयुक्त हुनेछ । तल दिएका सिकाई उपलब्धिका क्षेत्रले सुनाई र बोलाईको परीक्षण गर्न सक्दैन । यस विधिले पढाई र लेखाईको सक्षमता निर्धारण र मापन गर्न सक्ने छ ।

पाठ्यक्रमले तोकेको कक्षागत सक्षमता आधारमा अनिवार्य रुपमा सिक्नुपर्ने भाषिक सिपलाई न्युनतम सिकाई सक्षमता भनिन्छ । जसको अभावमा सिकाईलाई माथिल्लो कक्षामा निरन्तरता दिन सकिदैन । अघि बढ्न सक्दैन । भाषिक सिपको विकास गर्न सुनाई, बोलाई, पढाई र लेखाई सिपको बराबर विकास हुनु आवश्यक छ । कोभिड र भुकम्प लगायत अन्य विपदका कारण सुनाई र बोलाई सिपमा भन्दा पढाई र लेखाई सिपमा धेरै क्षति पुगेकाले सिकाई आपुरणको न्युनतम सिकाई हाँसिल गर्न तल उल्लेख गरिएका विषय र क्षेत्रले सक्षमता तह निर्धारण गर्न सहयोग पुर्याउने छ ।

**भाषिक विषयवस्तुको क्षेत्र, मापदण्ड र स्तर** (Content domain, criteria and standards) भाषिक सक्षमता स्तरका आधारमा पाठ्यक्रमद्वारा निर्दिष्ट विषय तथा पाठ्यवस्तु क्षेत्र र भाषिक सीपगत सिकाइस्तरको कक्षागत सिकाइ आपुरणका लागि न्यूनतम सिकाइ सक्षमता पहिचानको खाका तलको तालिकामा प्रस्तुत गरिएको छ । यस सिकाइ सक्षमता पहिचान परीक्षणमा सुनाइ, पढाइ र लेखाइका सीपहरु मात्र परीक्षण गरिने भएकाले यसमा बोलाइका सीपसम्बन्धी क्षेत्र तथा स्तरहरु समावेश गरिएको छैन । विद्यार्थी सिकाइ आपुरणका लागि न्यूनतम सिकाइ सक्षमता पहिचान परीक्षण प्रयोजनका लागि पढाइ, सुनाइ र लेखाइका क्षेत्रहरुबाट परीक्षण साधन निर्माण गरी सिकाइ उपलब्धि परीक्षण गर्ने गरी स्तर निर्धारण तथा व्याख्या गरिएको छ । शब्द भण्डार, व्याकरण तथा वर्ण विन्यासलाई अलग्गै विषयवस्तुका रुपमा समावेश नगरी पढाइ र लेखाइका क्षेत्रमै समावेश गरिएको छ ।

कक्षागत सिकाइ आपुरणका लागि न्यूनतम सिकाइ सक्षमता पहिचानको Framework मा प्रश्न निर्माणका विषयक्षेत्र र पाठ्यक्रमले निर्धारित भाषिक सिपगत सिकाइ उपलब्धिहरुमध्ये छनोट गरिएका विषयक्षेत्र र उपलब्धिहरु निम्नानुसार छन् ।

| क्र.सं. | कक्षागत | कक्षागत सिकाइ उपलब्धि ( पाठ्यक्रमले निर्दिष्ट गरेको) | प्रश्न निर्माणका विषयक्षेत्र | परीक्षण गर्ने कक्षा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३ | ४ | ५ | ६ | ७ | ८ |
| १ | १ र २ | स्वर र व्यञ्जन वर्ण पहिचान गरी उच्चारण र वर्ण विभेदीकरण गर्न | अक्षर र मात्रा पहिचान | ✓ | ✓ | ✗ | ✗ | ✗ | ✗ |
| २ | २ र ३ | उस्तै उस्तै ध्वनि तथा समान संरचना भएका शब्दको | शब्द पहिचान | ✓ | ✓ | ✗ | ✗ | ✗ | ✗ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रयोग गरी भाषिक सञ्चार गर्न | | | | | | | |
| ३ | ३ | सन्दर्भ सामग्री पढेर विषयवस्तु बोध गरी लेख्न | वाक्य पहिचान | ✓ | ✓ | × | × | × | × |
| ४ | २ र ३ | शब्दको सन्दर्भगत अर्थ पहिचान र प्रयोग गर्न | शब्द र अर्थ | ✓ | ✓ | ✓ | × | × | × |
| ५ | २ र ३ | पदसङगति मिलाई लेख्यचिह्न र क्रियाका कालको उपयुक्त प्रयोग गरेर वाक्य तथा अनुच्छेद रचना गर्न | क्रियापदको छनोट | ✓ | ✓ | ✓ | × | × | × |
| ६ | २ र ३ | शब्द, वाक्य र अनुच्छेदको अनुलेखन, श्रुतिलेखन, | अनुलेखन/श्रुतिलेखन | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ७ | २ देखि ८ सम्म | विषयवस्तु, पात्र र घटनाको बोध गरी प्रतिक्रिया व्यक्त गर्न | पठनबोध | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ८ | ५,६,७,८ | बोध तथा अभिव्यक्ति | पाठ पढी प्रश्नोत्तर गर्न (कक्षा ५ का लीग सुचना तथा सन्देशमूलक विज्ञापन र कष्क्षा ६,७ र ८ का लागि तहगत कठिनाई स्तरका अनुच्छेद) | × | × | ✓ | ✓ | ✓ | ✓ |
| ९ | | | | × | × | × | | | |
| १० | ६, ७ र ८ | लिखित सामग्रीलाई गति, यति र लय मिलाई वाचन गर्न | सस्वरवाचन | | | | ✓ | × | × |
| ११ | ६, ७ र ८ | सन्देशमूलक व्यवहारिक लेखन गर्न | निमन्त्रणा कार्ड/सूचना विज्ञापन बोध | | | | ✓ | ✓ | ✓ |
| १२ | २,३,४,५ | | मौखिक पठन प्रवाह र बोध | ✓ | ✓ | ✓ | | | |
| १३ | ६, ७ र ८ | भाषिक संचरना पक्षको बोध गर्न | क्रियापद परिवर्तन | | | | ✓ | ✓ | ✓ |
| १४ | ६ र ७ | बिषयवस्तुमा आधारित भइ निर्देशित तथा स्वतन्त्र लेखन गर्न | निर्देशित लेखन | | | ✓ | ✓ | ✓ | × |
| १५ | ८ | परिचित बिषयवस्तुको स्वतन्त्र वर्णन गर्न | स्वतन्त्र लेखन | | | | × | × | ✓ |

| **बिषय क्षेत्र** | **कक्षा ३** | **कक्षा ४** | **कक्षा ५** |
|---|---|---|---|
| १.अक्षर र मात्रा पहिचान | अक्षर र मात्राको तालिका । प्रत्येक लहरबाट एउटा अक्षर | १.अक्षर र मात्राको पहिचान अक्षर र मात्राको तालिका । | |

| | | | |
|---|---|---|---|
| | वा मात्रा पहिचान गराउने<br>का, ल, नि, जु | प्रत्येक लहरबाट एउटा अक्षर वा मात्रा पहिचान गराउने<br>का, ल, नि, जु, चो, पौ, ङ | |
| २.शब्द पहिचान | शिक्षकले दुई सग्ला अक्षर भएको शब्द उच्चारण गर्ने र विद्यार्थीलाई उत्तर पुस्तिकामा भएको सोही शब्दमा चिनो लगाउन लगाउने<br>उदाहरण<br>घर, कल, थर<br>दुई मात्रा लागेका शब्द पहिचान<br>नाम , किसान<br>आधा अक्षर सहित मात्रा लागेका शब्द पहिचान<br>मन्दिर, हिमाली, पर्ख | शिक्षकले तीन सग्ला अक्षर भएको शब्द उच्चारण गर्ने र विद्यार्थीलाई उत्तर पुस्तिकामा भएको सोही शब्दमा चिनो लगाउन लगाउने<br>उदाहरण<br>रहर, मलम, कलश<br>मात्रा लागेका शब्द पहिचान<br>कपाल, काइयो, ऐना, औषधी, परिवार<br>आधा अक्षर सहित मात्रा लागेका शब्द पहिचान<br>चम्चा, परम्परा, चम्किलो | |
| ३. वाक्य पहिचान | | | शिक्षकले कुनै एउटा साधारण वाक्य भन्ने र विद्यार्थीलाई सोही वाक्य पहिचान गरी ठीक वाक्यमा चिनो लगाउन लगाउने<br>उदाहरण<br>रविन विद्यालय जान्छ ।<br>उसले केरा,अंगुर र स्याऊ बेच्नेछ । |
| ४. शब्द र अर्थ | पाठ्यपुस्तकमा प्रयोग भएका सरल शब्दको अर्थ पहिचान गर्न लगाउने<br>शब्द अर्थ<br>कञ्जुस लोभी | पाठ्यपुस्तकमा प्रयोग भएका सरल शब्दको अर्थ पहिचान गर्न लगाउने<br>शब्द अर्थ<br>नवीन नयाँ | पाठ्यपुस्तकमा प्रयोग भएका सरल शब्दको अर्थ पहिचान गर्न लगाउने<br>शब्द अर्थ<br>प्रगति उन्नति |
| ५.क्रियापदको छनौट | शिक्षकले सेतोपाटीमा एक वाक्य लेख्ने र त्यहाँ प्रयोग भएको क्रियापद पहिचान गर्न लगाउने | पाठ्यपुस्तकको कुनै एक अनुच्छेद बाट तीनवटा क्रियापद पहिचान गर्न लगाउने | पाठयपुस्तकको कुनै एक अनुच्छेद बाट पाँचवटा क्रियापद पहिचान गर्न लगाउने |
| ६. अनुलेखन / श्रुतिलेखन | ४० देखि ५० वाक्यसम्मको अनुच्छेदलाई अनुलेखन गराउने<br>शिक्षकले सरल शब्द उच्चारण गर्ने ती शब्दलाई कापीमा लेख्न लगाई श्रुतिलेखन गराउने | ५० देखि ७० वाक्यसम्मको अनुच्छेदलाई अनुलेखन गराउने<br>शिक्षकले सरल शब्द उच्चारण गर्ने ती शब्दलाई कापीमा लेख्न लगाई श्रुतिलेखन गराउने | |
| ८.मौखिक पठन प्रवाह र बोध | दिइएका वाक्यहरुलाई जस्ताको तस्तै सार्न लगाउने<br>क. सरल वाक्य ३ देखि ४ शब्द सम्मको<br>उदाहरण | दिइएका वाक्यहरुलाई जस्ताको तस्तै सार्न लगाउने<br>क. सरल वाक्य ५ देखि ७ शब्द सम्मको<br>उदाहरण | दिइएका वाक्यहरुलाई जस्ताको तस्तै सार्न लगाउने<br>क. सरल वाक्य ८ देखि १० शब्द सम्मको<br>उदाहरण |

| | | | |
|---|---|---|---|
| | कमल असल छ ।<br>भाइ घर जान्छ ।<br>ख.पाँच शब्द सम्मको मात्रा र आधा अक्षर प्रयोग भएको उदाहरण<br>म आमाले भनेको मान्छु ।<br>आमा नियामित मन्दिर जानु हुन्छ ।<br>आज आँप टिप्नु पर्छ । | कमल असल छ ।<br>भाइ घर जान्छ ।<br>ख.पाँच शब्द सम्मको मात्रा र आधा अक्षर प्रयोग भएको उदाहरण<br>म आमाले भनेको मान्छु ।<br>आमा नियामित मन्दिर जानु हुन्छ ।<br>आज आँप टिप्नु पर्छ । | कमल असल छ ।<br>भाइ घर जान्छ ।<br>ख.पाँच शब्द सम्मको मात्रा र आधा अक्षर प्रयोग भएको उदाहरण<br>म आमाले भनेको मान्छु ।<br>आमा नियामित मन्दिर जानु हुन्छ ।<br>आज आँप टिप्नु पर्छ । |
| ८. बोध तथा अभिक्ति | | | कुनै अनुच्छेद दिई |
| ९. पठन बोध | क) कुनै ६ वटा अक्षर दिई पढ्न लगाउने<br>ख) कुनै पाँच (सरलदेखि जटिल) शब्द दिई पढ्न लगाउने<br>ग) ६० शब्द सम्मको सरल अनुच्छेद दिई एक मिनेट समयमा शुद्ध पढेका शब्दको गणना गर्ने ,<br>४० भन्दा बढी शब्द शुद्ध पढेमा मात्र बोध प्रश्न गर्ने | क) कुनै ८ वटा अक्षर दिई पढ्न लगाउने<br>ख) कुनै सात (सरलदेखि जटिल) शब्द दिई पढ्न लगाउने<br>ग) ७० शब्द सम्मको सरल अनुच्छेद दिई एक मिनेट समयमा शुद्ध पढेका शब्दको गणना गर्ने ,<br>५० भन्दा बढी शब्द शुद्ध पढेमा बोधका दुई वटा प्रश्न सोध्ने | ६० शब्दसम्मको कुनै एक अनुच्छेद सरल दिई तीन प्रश्न सोध्ने |
| १० .निर्देशित अनुच्छेद लेखन | | | पाँच वाक्य वा ३० देखि ४० शब्दमा लेख्न सकिने |

# कक्षा ६ ,७ र ८

| बिषय क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| १.सस्वरवाचन | ७० शब्द सम्मको सरल अनुच्छेद दिई एक मिनेट समयमा शुद्ध पढेका शब्दको गणना गर्ने ,<br>६० भन्दा बढी शब्द शुद्ध पढेमा मात्र बोध प्रश्न गर्ने<br>( अनुच्छेदमा केही शब्द र अक्षर समेत समावेश गर्ने | | |
| २.पठन बोध | १५० शब्ददेखि २०० शब्दसम्मको अनुच्छेद दिने, ज्ञान तहको एक प्रश्न १सोध्ने<br>बोध तहको २ सोध्ने | | |

| | | | |
|---|---|---|---|
| | उच्च दक्षताको १सोध्ने | | |
| ३.निमन्त्रणा कार्ड/सूचना विज्ञापनबोध | एक निमन्त्रणा काडको नमूना दिने र त्यससँग सम्बन्धित निम्न अनुसारका प्रश्न सोध्ने,<br>बहुवैकल्पिक२ वटा<br>शब्द भण्डार १ वटा<br>छोटो उत्तर १वटा | एक निमन्त्रणा काडको नमूना दिने र त्यससँग सम्बन्धित निम्न अनुसारका प्रश्न सोध्ने,<br>बहुवैकल्पिक २ वटा<br>शब्द भण्डार (पर्यायवावची,वाक्यमा प्रयोग) १वटा<br>छोटो उत्तर १वटा | स्वास्थ्यसित सम्बन्धित एक विज्ञापन दिने र त्यससँग सम्बन्धित निम्न अनुसारका प्रश्न सोध्ने,<br>बहुवैकल्पिक २ वटा<br>शब्द भण्डार (पर्यायवावची,वाक्यमा प्रयोग) १ वटा<br><br>छोटो उत्तर १वटा |
| ४. श्रुतिलेखन | शिक्षकले कुनै सरल र जटिल प्रकारका ५ वाक्य भन्ने र ती वाक्य सुनी विद्यार्थीलाई शुद्धसित लेख्न लगाउने | शिक्षकले सरल र जटिल प्रकारका ७ वाक्य भन्ने र ती वाक्य सुनी विद्यार्थीलाई शुद्धसित लेख्न लगाउने | शिक्षकले सरल र जटिल प्रकारका १० वाक्य भन्ने र ती वाक्य सुनी विद्यार्थीलाई शुद्धसित लेख्न लगाउने |
| ५.कियापदको छनौट | अनुच्छेदमा भएका फरक फरक कालका २ वटा कियापदको पहिचान गर्न लगाउने | अनुच्छेदमा भएका फरक फरक कालका ४वटा कियापदको पहिचान गर्न लगाउने | संकेतका आधारमा कुनै चार वाक्यलाई पुरा गर्न लगाउने (पक्ष र भाव समेटने) |
| ६. निर्देशित लेखन | कुनै एक चित्र दिने र सो चित्रसित सम्बन्धित रहेर ४० शब्दसम्मको वा पाँच वाक्यमा चित्र वर्णन गर्न लगाउने | कुनै चित्र वा विषयवस्तुमा विर्देशित बुँदाका आधारमा ५० शब्सम्म वर्णन लेख्ने | |
| ७.स्वतन्त्र लेखन | | | निर्धारित विषय वस्तुमा आधारित भई ५० शब्दसम्मको स्वतन्त्र लेखन गर्ने |

यस दुई दिने कार्यशालामा निम्न अनुसारका कार्य प्रक्रियाका चरणहरु अवलम्वन गरी उल्लिखित Framework को स्वरुप तयार पार्ने कार्य गरियो । यसलाई अन्तिम रुप दिन अझै केही मेहनत गर्नुपर्ने आवश्यक्ता छ ।

१.नेपाली ,अङ्ग्रेजी, गणित र विज्ञान चारओटै विषय समूहको संयुक्त बसाइमा न्युनतम सिकाई सक्षमता पहिचान सम्बन्धी छलफल गरियो ।

२. पाठ्यकमले तोकेको सक्षमता र  कक्षागत सिकाइ उपलब्धिको आधारमा अनिवार्य रुपमा सिक्नुपर्ने भाषिक सिप जसको अभावमा  सिकाईलाई माथिल्लो कक्षामा निरन्तरता दिन सकिदैन भने त्यसलाई नै न्युनतम सिकाई सक्षमताको रुपमा बुझ्ने निर्णय गरियो ।

३.पाठ्यक्रमले निर्दिष्ट गरेको तहगत सक्षमता र कक्षागत सिकाइ उपलब्धिलाई संयोजन गरी कक्षा ३ देखि ८ सम्म अनिवार्य रुपमा सिक्नुपर्ने भाषिक सिपका विषयक्षेत्र निर्धारण गरियो ।

४. निर्धारित विषयक्षेत्रमा भाषिक सिपको परीक्षण गर्न कक्षागत परीक्षण सामग्री (प्रश्नावली) निर्माणको खाका तयार पारियो ।

५. सरलदेखि जटिलताकाो सिद्दान्त अवलम्बन गर्नेगरी प्रश्न निर्माणको आधार तयार गरियो ।

६. चारओटै समूहले गरेका कार्यहरु बेलाबेलामा एक आपसमा छलफल गर्ने र सकेसम्म उस्तै उस्तै ढाँचामा Framework कनाउने प्रयत्न गरियो ।

७. चारओटै विषय समूहले तयार पारेको न्युनतम सिकाई सक्षमता पहिचान Framework को आधारमा प्रश्नपत्र निर्माण गर्ने र अर्को बसाइमा अन्तिम रुप दिने गरी तीन दिने कार्यशाला समापन गरियो ।